## श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) को व्यवस्था बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरूको देहायको उपस्थितिमा बसी उल्लिखित प्रस्तावहरू उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमको निर्णयहरू पारित गरियो।

बैठक सञ्चालन स्थानः गाउँ कार्यपालिकाको सभा हल

बैठक सञ्चालन मितिः २०८३/०२/११ गते सोमवार

बैठक बसेको समयः दिउँसो १:०० बजे

### -उपस्थिति-

| सि.नं. | पदाधिकारीको नाम | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी "अशोक" | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष-१ | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष-२ | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष-३ | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष-४ | |
| ७. | श्री भुपालसिंह तामाङ | वडा अध्यक्ष-५ | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष-६ | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष-७ | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष-८ | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष-९ | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष-१० | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष-११ | |
| १४. | श्री तारा माया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री गंगा माया तामाङ्ग | कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | |
| १७. | श्री युव माया मश्राङ्गी | कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री मनोज साह, प्रमुख प्रशासकीय अधिकृत | सचिव | |

२१. तोयाराम पहाडी

२२. चन्द्रिका थापा

मिति २०८३/०२/११ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

**प्रस्ताव तथा निर्णयहरू**

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा। | प्रशासन |
| २. | घरजग्गा रजिष्ट्रेशन पारितका लागि आ.व. ०८३/०८४ को न्यूनतम मूल्याङ्कन सम्बन्धमा। | राजश्व |
| ३. | बाटो मर्मत सम्भार सम्बन्ध। | पूर्वाधार |
| ४. | पालिका भवन निमार्णको कारणले क्षति भएको खेतीयोग्य जग्गालाई संरक्षण तथा सम्भार गर्ने सम्बन्धमा। | पूर्वाधार |
| ५. | सहकारी संस्थाको अनुगमन तथा नियमन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने सम्बन्धमा। | सामाजिक विकास |
| ६. | पोषणमैत्री नमूना टोल स्थापना कार्यविधि, २०८३ स्वीकृत गर्ने सम्बन्धमा। | पोषण उपशाखा |
| ७. | गृहणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालनको लागि आर्थिक सहयोग गर्ने सम्बन्धमा। | महिला विकास |
| ८. | कृषि तथा पशु उपज संकलन केन्द्र भवन निर्माण गर्ने सम्बन्धमा। | पशु |

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरियो। समीक्षा क्रममा अधिकांश निर्णयहरू कार्यान्वयनको चरणमा रहेको तथा बाँकी निर्णयहरू समेत शीघ्र कार्यान्वयन गर्ने सम्बन्धित शाखा/निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका क्षेत्रभित्रको घरजग्गा रजिष्ट्रेशन प्रयोजनका लागि घरजग्गा रजिष्ट्रेशन न्यूनमत शुल्क आर्थिक वर्ष २०८३/०८४ को लागि आ.व. २०८२/०८३ कै न्यूनतम मूल्याङ्कन यथावत कायम गर्ने निर्णय गरियो।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न स्थानका सडक खण्डहरुमा रहेका खाल्डाखुल्डीहरुका कारण दैनिक रुपमा आवतजावत गर्ने सवारी साधनहरुलाई आवागमनमा कठिनाइ भइरहेकोले देहाय बमोजिमका सडक खण्डहरुलाई कन्टिन्जेन्सी रकमबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट अनुसार ड्रेसिङ तथा ग्राभेल गरी यथासिघ्र मर्मत सम्भार गर्ने निर्णय गरियोः

क. चकमके-लुभु -गैरिखानी सडक (वडा नं ४)

ख. चकमके-बाहुनतिल्पुङ्ग-तोश्रामखोला-खोरभञ्याङ्ग सडक (वडा नं. ११ र १०)

ग. चकमके-आम्बोट सडक (वडा नं. ११ र ९)

घ. चकमके-लंगुर-ढुङग्रे-अवल सडक (वडा नं. ११,१०)

ङ. सिम्ले-लंगुर-साखामाडी पुल सडक।

च. जिर्गा-कोटगाउँ - धाप सडक (वडा नं. ३,६)

छ. मझुवा-देव्रेखोला-आपटार सम्म सडक (वडा नं. ६)

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा पालिका भवन निर्माण कार्यका क्रममा क्षति पुगेको खेतीयोग्य जग्गाको स्थलगत अनुगमन गरी वास्तविक क्षतिको विवरण संकलन गरी आवश्यक मर्मत तथा व्यवस्थापन कार्य प्राविधिकको प्रतिवेदनका आधारमा अगाडि बढाउने निर्णय गरियो। साथै यस सम्बन्धी आवश्यक समन्वय गर्न सम्बन्धित शाखालाई निर्देशन दिई गाउँपालिकाको JCB प्रयोग गरी मर्मत सम्भार गर्ने निर्णय गरियो।

निर्णय नं.५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका क्षेत्रभित्र सञ्चालित सहकारी संस्थाहरूको प्रभावकारी अनुगमन तथा नियमन गर्ने उद्देश्यले तयार गरिएको "सहकारी संस्थाको अनुगमन तथा नियमन सम्बन्धी कार्यविधि, २०८३" छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा तीनपाटन गाउँपालिकालाई पोषण मैत्री गाउँपालिका घोषणा गर्नको लागि पोषण सुधार तथा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले तयार गरिएको "पोषणमैत्री नमूना टोल स्थापना कार्यविधि २०८३" छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो। साथै कार्यविधिअनुसार कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.७

प्रस्ताव नं. ७ माथि छलफल चालू आ.व. २०८२/०८३ मा बागमती प्रदेश सरकार, सामाजिका विकास कार्यालय, मकवानपुर र यस गाउँपालिका विच लागत साझेदारिमा गृहणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालनको लागि भएको द्विपक्षीय सम्झौता बमोजिम जम्मा रकम रु. १५,३१,२५०/- (पन्ध्र लाख एकतिस हजार दुई सय पचास) कार्यक्रम सञ्चालन गर्नको लागि यस गाउँपालिकाले २० % व्यहोर्ने भएकोले पालिकाको आ.व. २०८२/०८३ स्वीकृत बजेट कार्यक्रमको विभिन्न दिवश तथा कार्यक्रम मनाउने खर्चबाट व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं.८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा तीनपाटन गाउँपालिका हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा र हाम्रो प्रयास नेपालको सहजिकरणमा सञ्चालित कृषि तथा पशु विकासमा आधारित साना किसान

तथा युवा उद्यशीलता विकास परियोजना अन्तर्गत कृषि तथा पशु उपज संकलन केन्द्र भवन निर्माण गर्नको लागि यस तीनपाटन गाउँपालिका ८ नं. वडा कार्यालय, बाहुनतिल्पुङ्ग अन्तर्गत तिल्पुङ्गबजार अन्तर्गत हेल्थपोष्ट जाने मोटरबाटो माथि र रेडक्रस सोसाइटिको भवनको उत्तर पट्टी महिला संजालले खनेको घडेरिमा निर्माण गर्नेको लागि रु. ९, ५०,०००/- लागत भवन निर्माण गर्ने निर्णय गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।